ཁུམ་བུ་པ་སངས་ལྷ་མོ་གྲོང་སྡེ།
खुम्बु पासाङल्हामु गाउँपालिका
Khumbu Pasanglhamu Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय, चौंरीखर्क, सोलुखुम्बु, कोशी प्रदेश, नेपाल
Office of the Rural Municipal Executive, Chaurikharka, Solukhumbu, Koshi Province, Nepal

मितिः २०८१।०४।३१

*(सूचना नं. ०९-२०८१।८२)*

# करार सेवामा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना ।।

यस खुम्बु पासाङल्हामु गाउँपालिकाको कार्यालय तथा अन्तर्गतका कार्यालयका लागि देहाय बमोजिमका शर्तहरुको अधिनमा रही तपसिलका पदहरुको सेवा करारमा लिनु पर्ने भएकाले निम्न योग्यता पुगेका ईच्छुक उम्मेदवारहरुले यस गाउँपालिकाको कार्यालय, चौंरीखर्क, सोलुखुम्बुमा रीतपूर्वकको दरखास्त पेस गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

१) पदसँग सम्बन्धित विवरण

| क.स. | विज्ञापन नं. | पद | श्रेणी/तह | आवश्यक सङ्ख्या | आवश्यक शैक्षिक योग्यता | परीक्षा दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | ०४-२०८१।८२ | नगर प्रहरी सहायक निरीक्षक | सहायकस्तर चौथो | १ | +२ वा सो सरह | ५०० | पुनः विज्ञापन गरिएको |
| २. | ०६-२०८१।८२ | नगर प्रहरी जवान | प्रथमस्तर | ४ | ८ कक्षा वा सो सरह | ३०० | पुनः विज्ञापन गरिएको |
| ३. | ०७-२०८१।८२ | समुदायमा आधारित पुनःस्थापना (सिविआर) सहजकर्ता | सहायकस्तर चौथो | १ | +२ वा सो सरह | ५०० | समावेशी (अपाङ्गता) लाई ग्राह्यता दिईने |

२) दरखास्त दिने मितिः २०८१/०५/१३ गते कार्यालय समय सम्म (दरखास्त दिने दिनको अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यसको अर्को दिन दिनको १२ बजे सम्म मात्र)।

३) संलग्न गर्नुपर्ने कागजातको विवरणः नेपाली नागरिताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि, नेपाल बाहेक अन्य मुलुकका शिक्षण संस्थामा अध्ययन गरेको हकमा समकक्षता, ३ प्रति पासपोर्ट साइजको फोटो, तालिम एवम् अनुभव हासिल गरेको भए सो को प्रमाण पत्रहरुको प्रतिलिपि। नगर प्रहरीको हकमा आँखा जाँचको रिपोर्ट।

४) उमेरः १८ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्गता भएका व्यक्तिको हकमा १८ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको।

Email: ito.khumbupasanglhamumun@gmail.com, info@khumbupasanglhamumun.gov.np
Phone: +9773859004६

५) <u>आवेदन दिने तरिकाः</u> माथि उल्लिखित कागजात सहित तोकिएको शुल्क राष्ट्रिय वाणिज्य बैंक, लुक्ला शाखा स्थित यस गाउँपालिकाको नाममा रहेको आन्तरिक राजश्व खाता नं. २५८०१००३०१०१०००२ मा तोकिएको रकम जम्मा गरी जम्मा भएको सक्कलै बैंक भौचर संलग्न राखी दरखास्त निवेदन दिनुपर्ने छ। साथै दरखास्त फाराम यस गाउँपालिकाको Website बाट प्राप्त गर्न सकिनेछ।

६) <u>छनोट विधिः</u>

क) विज्ञापन नम्बर ४ र ६ को हकमा शारीरिक परीक्षण अन्तर्गत देहायका जाँचहरु एवम् शारीरिक तन्दुरुस्ती परीक्षण गरिनेछ।

१) महिलाहरुको लागि घटीमा ५ फिट र पुरुषको लागि घटीमा ५ फिट २ ईन्च उचाई भएको।

२) छाती नफुलाउँदा घटीमा ३१ ईन्च र फुलाउँदा ३३ ईन्च भएको।

३) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको।

४) शारीरिक तन्दुरुस्ती परीक्षण सम्बन्धी आधारहरु देहाय बमोजिम हुनेछन्।

| क्र.सं. | विवरण | अति उत्तम | | अङ्क | उत्तम | | अङ्क | पास | | अङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | पुरुष | महिला | | पुरुष | महिला | |
| १ | पुस अप | २० पटक | १४ पटक | १० | १४ पटक | ८ पटक | ६ | १२ पटक | ४ पटक | ४ |
| २ | सेट अप | २० पटक | १५ पटक | १० | १५ पटक | ८ पटक | ६ | १२ पटक | ४ पटक | ४ |
| ३ | चिन अप | १२ पटक | ३ पटक | १० | ८ पटक | २ पटक | ६ | ५ पटक | १ पटक | ४ |
| ४ | छोटो दौड (३०० मि.) | ४५ सेकेण्ड | ५५ सेकेण्ड | १० | ५१ सेकेण्ड | ६१ सेकेण्ड | ६ | ५७ सेकेण्ड | ६७ सेकेण्ड | ४ |
| ५ | लामो दौड (३२०० मि.) | १४ मिनेट | १८ मिनेट | १० | १६ मिनेट | २० मिनेट | ६ | १८ मिनेट | २२ मिनेट | ४ |
| | जम्मा अङ्क | | | ५० | | | ३० | | | २० |

ख) विज्ञापन नम्बर ४ को हकमा ५० अङ्कको लिखित परीक्षा हुनेछ। विज्ञापन नम्बर ६ को हकमा लिखित परीक्षा हुनेछैन।

ग) विज्ञापन नम्बर ४ र ६ को हकमा २० अङ्कको अन्तर्वार्ता परीक्षा हुनेछ।

घ) विज्ञापन नम्बर ७ को छनौट विधि कोशी प्रदेश सरकारले निर्धारण गरेको कार्यविधि बमोजिम हुनेछ।

ङ) चरणबद्ध रुपमा सफल उम्मेदवारलाई मात्र अर्को चरणको परीक्षामा सम्मिलित गराईनेछ।

च) विज्ञापन नं. ०४-२०८१।८२ लिखित परीक्षाको पाठ्यक्रम देहाय बमोजिमको हुनेछ।

नेपालको संविधान, २०७२; स्थानीय सरकार सञ्चालन ऐन, २०७४; खुम्बु पासाङल्हामु गाउँपालिकाको सुशासान ऐन, २०७९ तथा खुम्बु पासाङल्हामु गाउँपालिकाको आर्थिक, सामाजिक तथा भौगोलिक विषय तथा समसामयिक विषयहरु।

७) <u>सेवा सुविधा र अन्य:</u> सेवा सुविधा गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ।पुन विज्ञापनमा यस अघि दरखास्त बुझाएका उम्मेदवारहरु पुन दरखास्त बुझाउनु पर्ने छैन ।

<u>थप जानकारीको लागि सम्पर्क: ०३८५९००४६</u>

(जनक प्रसाद भुसाल)
प्रमुख प्रशासकीय अधिकृत